NORTH Dakota | Health
Be Legendary.™

# कोभिड -१९ बूस्टर खुराक

## बूस्टर खुराक भनेको के हो?

बूस्टर खुराक खोपको एक खुराक हो जुन एक खोप श्रृंखलाको प्रारम्भिक समाप्ति भए पछि दिइन्छ। व्यक्तिहरुलाई आफ्नो मूल खोप श्रृंखला प्राप्त गरेपछि एक पर्याप्त प्रतिरक्षा प्रतिक्रिया हुन्छ; तर, यो समयसँगै कमजोर हुँदै जान्छ। बूस्टर खुराक प्रतिरक्षा प्रतिक्रिया बलियो बनाउन र खोपद्वारा प्रदान गरिने सुरक्षा लामो समयसम्म प्रभावकारी बनाउन दिइन्छ।

बूस्टर खुराक प्राप्त गर्नु भनेको कुनै नयाँ अभ्यास होइन। संयुक्त राज्यका बहुमत जनताले सम्भवतः आफ्नो जीवनकालमा अर्को नियमित रुपमा सिफारिश गरिएको खोप (जस्तै: पोलियो, टिटानस) को एक बूस्टर खुराक प्राप्त गरेका छन्।

## बूस्टर खुराक प्राप्त गर्न कसलाई सिफारिस गरिन्छ?

रोग नियन्त्रण केन्द्रहरु (सीडीसी) ले फाइजर कोभिड-१९ खोपको एक बूस्टर खुराक प्रारम्भिक फाइजर कोभिड-१९ खोप छ महिनाको श्रृंखला पूर्ण भए पछि निम्न समूहहरुको लागी सिफारिश गर्दछ:

- ६५ वर्ष वा माथिका मानिसहरु
- दीर्घकालीन हेरचाहको सुविधाहरुमा बस्नेहरु
- ५०-६४ उमेरका मानिसहरु जसमा अन्तर्निहित चिकित्सा अवस्थाहरु (क्यान्सर, पुरानो गुर्दे रोग, पुरानो फोक्सोको रोग, मनोभ्रंश, मधुमेह, डाउन सिन्ड्रोम, मुटुको अवस्था, एचआईभी, इम्युनोकम्प्रोमाइज्ड, कलेजो रोग, मोटोपन/मोटापा, गर्भावस्था, सिकल सेल रोग, वर्तमान वा पूर्व धूम्रपान गर्ने, ठोस अंग/स्टेम सेल यातायात, स्ट्रोक, पदार्थको उपयोग विकारहरु)

सीडीसीले यो पनि सिफारिश गर्दछ कि आफ्नो लाभ र जोखिम को आकलन पछि निम्न समूहहरु फाइजर खोपको एक बूस्टर खुराक प्राप्त गर्न सक्छन्:

- अन्तर्निहित चिकित्सा अवस्थाहरु भएका १८-४९ वर्ष उमेरका मानिसहरु
- एक व्यावसायिक वा संस्थागत सेटिंगको कारण १८-६४ बर्ष उमेरका मानिसहरु कोभिड-१९ को संक्रमण र प्रसारणको बढी जोखिममा छन्

## कोभिड-१९ खोपको बूस्टर खुराक किन सिफारिस गरिन्छ?

कोभिड-१९ खोपको प्रभावकारिता संक्रमण बिरुद्ध (कोभिड-१९ का लक्षणहरु रहेको) समयावधि सँगै घटेको छ र सम्भवतः डेल्टा भेरियन्टको कारणले पनि यस्तो हुन पुगेको हो। गम्भीर संक्रमण (अस्पतालमा भर्ना र मृत्यु) को बिरुद्ध प्रभावकारिता उच्च रहन्छ, तर ती ६५ वा माथिका मानिसहरुमा भने प्रभावकारिता कम हुन सुरु हुँदैछ।

फाइजर क्लिनिकल ट्रायल बाट प्राप्त भएको तथ्यांडकले एक बूस्टर खुराक पछि राम्रो प्रतिरक्षा प्रतिक्रिया सङ्केत गर्दछ, सम्भवतः कोभिड-१९ को बिरूद्ध सुधारिएको सुरक्षा प्रदान गरिने। थप रूपमा, इजरायलबाट प्राप्त भएको तथ्यांडकले फाइजर

North Dakota | Health
Be Legendary.™

बूस्टर खुराकले संक्रमण र गम्भीर रोगलाई कम गर्दै लगेको देखाउँछ। क्लिनिकल ट्रायल र इजराइलबाट प्राप्त भएका तथ्यांकले संकेत गर्दछ कि, एक बूस्टर खुराकबाट हुने अन्य असर जुन दोस्रो खुराक दिइएपछि हुन्छ त्यहि देखिन्छ।

## कोभिड-१९ को जोखिममा कस्ता पेशाहरु गरेकालाई मानिन्छन्?

- पहिलो उत्तरदाताहरु (स्वास्थ्यकर्मी, अग्नि नियन्त्रक, पुलिस, हेरचाह कर्मचारी भेला)
- शिक्षा सम्बन्धित कर्मचारी (शिक्षक, सहायता कर्मचारी, शिशु विद्यालयका कामदार)
- खाद्य र कृषि सम्बन्धित श्रमिकहरु
- निर्माण श्रमिकहरु
- सुधार कार्यकर्ताहरु
- अमेरिकी हुलाक सेवा कर्मचारीहरु
- सार्वजनिक यातायातका कर्मचारीहरु
- किराना पसलका कामदारहरु

## के मलाई बूस्टर खुराक प्राप्त गर्नको लागी कुनै अन्तर्निहित स्वास्थ्य अवस्था वा मेरो पेशाको प्रमाण चाहिन्छ?

चाहिँदैन। बूस्टर खुराक प्राप्त गर्नको लागी एक अन्तर्निहित स्वास्थ्य अवस्था वा तपाइँको पेशाको आफ्नै- रिपोर्ट मात्र आवश्यक पर्छ।

## कोभिड-१९ को खोपको अर्को ब्रान्ड प्राप्त गर्नु भइसकेका व्यक्तिहरुको बारेमा के छ?

यदि कोभिड-१९ को खोपका अन्य ब्रान्ड प्राप्त गर्नु भएका व्यक्तिहरुलाई कोभिड-१९ बूस्टर चाहिन्छ कि चाहिँदैन भन्ने निर्धारण गर्नका लागी हाल अपर्याप्त तथ्यांक छ। हालै, मोडर्ना वा जन्सन र जन्सनको एक प्राथमिक श्रृंखला प्राप्त गर्नु भएको व्यक्तिले **एक बूस्टर खुराक प्राप्त** गर्नु हुँदैन।

## म यो जनसंख्यामा पर्दिन। के म बूस्टर खुराकको लागी योग्य हुन्छु त?

अन्य व्यक्तिहरुलाई भविष्यमा बूस्टर खुराक प्राप्त गर्नको लागी सिफारिश गर्न सकिन्छ। द उत्तर डकोटा स्वास्थ्य विभागले ती सिफारिशहरुलाई यदि त्यस्तो समय आएमा संवाद गर्नेछ।

## के यसको मतलब कोभिड-१९ खोपहरु प्रभावकारी छैनन्?

यो सिफारिशको मतलब कोभिड-१९ खोपहरु काम गर्दैनन् भन्ने होइन। खोप लगाएका वयस्कहरुको तुलनामा खोप नलागेका वयस्कहरुमा अस्पताल भर्ना दर १०-२२ गुनाले बढी छन्। खोप लगाएका मानिसहरुमा खोप नलगाएकाहरुको तुलनामा कोभिड-१९ बाट बिरामी हुने सम्भावना पाँच गुनाले कम हुन्छन्। खोपको प्रभावकारिता संक्रमण (कोभिड-१९ का लक्षणहरु रहेको) को बिरुद्धमा घटेको छ तर अझै अस्पतालमा भर्ना र मृत्युको बिरूद्ध यो अत्यधिक सुरक्षात्मक छ। अस्पताल भर्ना विरुद्ध प्रभावकारीता ६५ वर्ष वा माथिका व्यक्तिका लागि घटेको छ।

NORTH Dakota | Health
Be Legendary.™

## के बूस्टर खुराक एक अतिरिक्त खुराक भन्दा फरक छ?

छ, मध्यम देखि गम्भीर प्रतिरक्षा सम्झौता र प्रारम्भमा फाइजर वा मोडर्ना कोभिड-१९ को खोप श्रृंखला प्राप्त गर्ने व्यक्तिहरुलाई फाइजर वा मोडर्ना खोपको एक अतिरिक्त खुराक प्राप्त गर्न सिफारिस गरिन्छ। अतिरिक्त खुराक कम्तीमा २८ दिनको प्रारम्भिक श्रृंखलाको पूरा भए पछि दिईन्छ। प्रतिरक्षा सम्झौता व्यक्तिहरुले प्रारम्भिक खोप श्रृंखलासँग उच्च सुरक्षा कहिल्यै हासिल गरेन र उच्च सुरक्षा प्राप्त गर्न तीन खुराक आवश्यक पर्दछ।

## के मलाई पूर्ण रुपमा खोप लगाइएको भन्न एक बूस्टर खुराकको आवश्यकता पर्दछ?

पर्दैन। सार्वजनिक स्वास्थ्य प्रयोजनका लागि, मानिसहरुलाई फाइजर वा मोडर्ना कोभिड-१९ को खोप वा जन्सनको एक खुराक प्राप्त गरीएको दुई हप्ता पछि पूर्णतया खोप लगाएको मानिन्छ।

## म कहाँ गएर खोप लगाउन सक्छु?

कोभिड-१९ खोप प्रदायकहरु र तपाइँ नजिकै क्लिनिकहरुको जानकारी बारेमा NDDoH कोभिड खोप पत्ता लगाउने पृष्ठमा पाउन सकिन्छ। तपाइँ सहायताको लागी 1.866.207.2880 मा NDDoH हटलाइनमा सम्पर्क गर्न सक्नुहुन्छ।